सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०७२-WO-०१२७

विषयः उत्प्रेषणयुक्त परमादेश।

कास्की जिल्ला पोखरा उ.म.न.पा. वाडा नं. ६ बस्ने धरम बहादुर लामिछाने ------------१
कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. १ बस्ने यादव गौतम ------------------------१
कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ६ बस्ने माधव बहादुर पौडेल ---------------१
कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ९ बस्ने हिराराम गिरी -----------------------१
कास्की जिल्ला पुम्दीभूम्दी गा.वि.स. वडा नं. ३ को हाल पोखरा उ.म.न.पा. वडा नं.६ बस्ने युवराज पौडेल -----------------------------------------------------------१ निवेदक
कास्की जिल्ला पुम्दीभूम्दी गा.वि.स. वडा नं.२ को हाल पोखरा उ.म.न.पा. वडा नं.२५ बस्ने कमलनाथ वास्तोला ---------------------------------------------------------१
कास्की जिल्ला पुम्दीभूम्दी गा.वि.स. वडा नं.३ को हाल पोखरा उ.म.न.पा. वडा नं.२५ बस्ने चित्रराज बराल -----------------------------------------------------------१

विरुद्ध

भौतिक पूर्वाधार तथा यातायात मान्त्रालय, सिंहदरवार काठमाडौं -------------------------१
प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, सिंहदरवार काठमाडौं---------------------------१
सार्वजनिक लेखा समिति, संसद भवन, सिंहदरवार काठमाडौं-----------------------------१
अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, संसद भवन, सिंहदरवार काठमाडौं------------------१
वन तथा भू-संरक्षण मन्त्रालय सिंहदरवार, काठमाडौं-----------------------------------१ विपक्षी
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौं------------------१
विज्ञान तथा प्रविधि, वातावरण मन्त्रालय, सिंहदरवार काठमाडौं--------------------------१
उद्योग मन्त्रालय, सिंहदरवार काठमाडौं ------------------------------------------------१
मनकामना दर्शन प्रा.लि. मनकामना मार्ग नागपोखरी नक्साल काठमाडौं------------------१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

तथ्य खण्ड

१. रिट निवेदनको व्यहोराः

हामी निवेदकहरू नेपाली नागरिक भएको र हामी लगायत सबै नेपालीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) ले पेशा रोजगार व्यवसाय गर्ने स्वतन्त्रता दिएको छ। राज्यको दायित्वभित्र पर्ने आर्थिक विकासको कार्यले गति नलिएसम्म र देशको श्रोत साधन एवम् अवसरलाई अधिकतम हदसम्म सदुपयोग नगरेसम्म राज्यले पनि जनताको पेशा रोजगार एवम् आर्थिक विकासको अवसर सिर्जना गर्न सक्दैन। यस्तो अवसर सिर्जना नभएमा संविधानको उपरोक्त मौलिक हकको अवधारणालाई व्यवहारमा उतार्न सकिँदैन। यसको लागि देशमा विकास कार्यहरूले गति लिन आवश्यक हुन्छ। विकास कार्यले गति लिएमा रोजगारीको अवसरहरू पनि सिर्जना हुने र यसबाट आफ्नै देशमा काम गरी जीवन धान्न सकिने वातावरण समेत तयार हुने हुँदा दैनिक रूपमा हजारौंको संख्यामा युवाहरू विदेश जानबाट पनि रोक्न सकिन्छ। हामी निवेदकहरू विदेश नगई स्वदेशमा नै केही गर्ने उद्देश्यले कसेका छौं।

विपक्षीमध्येका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा ३(ख) बमोजिम पोखराको बसुन्धरा पार्कदेखि शान्ति स्तूपा (कोदी)सम्मको करिब १.३. कि.मि. पोखरा केबुलकार परियोजना पहिचान गरी निर्माण, संचालन तथा हस्तान्तरण (BOT) तरिकाबाट कार्यान्वयन गर्ने निर्णय भएको थियो। सो कार्यको लागि ऐ. ऐनको दफा ४ अनुसार मिति २०६९।११।१० मा मनसायपत्र आव्हान गर्ने सूचना प्रकाशन भए अनुसार विभिन्न कम्पनीहरूबाट मनसायपत्र पेश भएकोमा सोलाई मूल्याङ्कन गरी ३ वटा कम्पनी छनौट गरी परियोजना कार्यान्वयनको प्रस्ताव पेश गर्न सन् २०१३ जनवरी १६ मा सार्वजनिक सूचना प्रकाशन भएको र निजहरूबाट पेश भएका प्रस्तावहरूको मूल्याङ्कनको आधारमा परियोजना निर्माण गर्न प्रत्यर्थी मनकामना दर्शन प्रा.लि. छनौट भएको रहेछ। यसरी निर्माण हुन लागेको परियोजनाबाट त्यस क्षेत्रको विकास र समृद्धिमा टेवा पुग्ने तथा हामी स्थानीयले रोजगारी पाउने भई जीवनस्तरमा सुधार हुने अपेक्षा लिएका थियौं।

निजी लगानी सम्बन्धी ऐनको दफा ४,५ र ६ बमोजिमको कार्यहरू बैधानिक रूपमा सम्पन्न भएको तथ्य हामी निवेदकले पनि सार्वजनिक रूपमा जानकारी पाईसकेको अवस्थामा पोखराको बसुन्धरा पार्कदेखि शान्ति स्तुपासम्मका लागि निर्माण गरिने केबुलकारको निर्माण कार्य

चाडै सम्पन्न भई हामी निवेदक जस्ता विभिन्न सर्वसाधारण व्यक्ति मात्र नभई सम्पूर्ण नेपाली तथा विदेशी पर्यटकहरूले समेत विभिन्न सुविधाहरू उपयोग गर्न पाउन भन्ने आशामा हामी केन्द्रित रहेका थियौं। शारीरिक रूपमा चुनौती सामना गरिरहेका केही अशक्त नेपालीहरूले पनि उक्त पूर्वाधार सम्पन्न भएपश्चात शान्तिस्तूपाको यात्रा गर्ने र भगवान बुद्धको पूजा र ध्यान गर्ने सपना साकार हुन लागेको भनी खुशी जताएका थिए। तर विभिन्न बाहनामा पटक पटक हस्तक्षेप भई केबुलकार निर्माण कार्यमा कठिनाई र ढिलाई भइरहेको अवस्थामा छ। अर्कोतर्फ अधिकारक्षेत्र नै नरहेको विषयमा समेत प्रत्यर्थी मध्येका सार्वजनिक लेखा समितिको मिति २०७२।०४।१८ को बैठकले केबुलकार निर्माण सम्बन्धी कार्यमा प्रतिकूल असर हुने गरी प्रत्यर्थी मध्येका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन समेत दिने गरी निर्णय गरिएको भन्ने तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले मिति २०७२।४।२२ को निर्देशनबाट समेत विपक्षी मन्त्रालयलाई निर्देशन दिईएको भन्ने संचार माध्यमबाट जानकारी हुन आएको छ।

यसरी पोखरा केबुलकार निर्माण सम्बन्धमा प्रत्यर्थी मध्येका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २०६२ सालमा नै निर्णय गरी निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा ३, ४, ५, ६ तथा ऐ. ऐनको नियमावली, २०६४ को नियम ६, ७, ९, १०, १२, १३, १५, १७, २०, २१ समेतको सम्पूर्ण कार्यहरू पूरा भइसकेको भन्ने बुझिन आएको अवस्थामा अब समझदारीपत्र सम्पन्न गरी निर्माणकार्य सुरु हुने अवस्थामा केबुलकार निर्माण सम्बन्धी कार्यमा गैरजिम्मेवार, गैरकानूनी क्षेत्राधिकारविहीन तथा स्वार्थयुक्त कामकारबाहीबाट अवरोध हुन गई हामी निवेदक जस्ता स्थानीय जनसमुदाय मात्र नभई सम्पूर्ण पोखराबासी, नेपाली नागरिक तथा स्वदेशी तथा विदेशी पर्यटक एवं शारीरिक रूपमा अशक्त भई चुनौति भोगिरहेका कतिपय सर्वसाधारणले समेत सर्वसुलभ सेवा सुविधाबाट बञ्चित हुनुको साथै आर्थिक उपलब्धता, उन्नति, रोजगारीको अवसर जस्ता विभिन्न क्षेत्रमा समेत प्रत्यक्ष असर पर्ने अवस्था भएको छ। केबुलकार परियोजनालाई जसरी भएपनि प्रभावित तुल्याउने, निर्माण सुरु गर्न नदिने उद्देश्य राखी विभिन्न तथ्य तथा आत्मगत विचार एवं आरोपका साथ यस अदालतको असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गरी सम्बत २०७० सालको रिट नं. ०६९-WO-१४३४, ०७०-WO-००८१ सम्बत २०७१ सालको रिट नं. ०७१-WO-००५२ को रिट निवेदनहरू दिएकोमा मिति २०७१।१०।११ को आदेशबाट सबै रिट खारेज गरिएको अवस्था छ। यसरी सर्वोच्च अदालतले पोखरा केबुलकार निर्माण सम्बन्धमा हालसम्म प्रत्यर्थी भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय समेतबाट गरिएका काम कारवाहीलाई वैधानिक रूपमा मान्यता प्रदान

गरिएको मान्नु पर्दछ। सर्वोच्च अदालतको निष्कर्षलाई प्रभावित पार्न केही व्यक्तिहरूको स्वार्थमा लागी पुनः यो परियोजनालाई प्रभावित तुल्याउने प्रयत्न भइरहेकोले विपक्षीहरूको उक्त कार्यबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३)(च), १८ र १९ ले प्रदान गरेको हामी निवेदकहरूको मौलिक अधिकार हनन हुन जाने देखिन्छ।

तसर्थ पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ अन्तर्गत रही निर्माण गर्न लागिएको पोखराको फेवाताल छेउको बसुन्धरा पार्कदेखि शान्ति स्तूपा (कोदी) सम्मको करिब १.३. कि.मि. पोखरा केबुलकार परियोजना निर्माण तथा आयोजना कार्यान्वयन गर्ने कार्यमा गैरकानूनी रूपमा हस्तक्षेप गर्ने गरी प्रत्यर्थी मध्यका सार्वजनिक लेखा समितिको मिति २०७२।४।१८ को निर्णय, तत्सम्बन्धी मिति २०७२।४।१९ को पत्र लगायत अन्य पत्राचार निर्देशन आदि र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको मिति २०७२।४।२२ को निर्देशन लगायत उक्त पूर्वाधार संरचना निर्माण गर्ने कार्यमा अवरोध गर्ने प्रकृतिका हाल देखिएका र पछि मुद्दाको रोहमा खुल्न आएका विपक्षीहरूका निर्णय, निर्देशन, पत्राचार, आदेश आदिसमेत सम्पूर्ण कार्य विद्यमान संविधान तथा कानूनसमेतको विपरीत भएकोले उत्प्रेषणको आदेशले बदर गरी उक्त परियोजना निर्माण सम्बन्धमा लिखित अलिखित कुनै पनि प्रकारले हस्तक्षेप तथा रोक नलगाउनु, लगाउन नदिनु, आयोजनाको कार्यलाई सुचारु रूपमा सञ्चालन गर्ने सकारात्मक वातावरण तयार गरी त्यसलाई निरन्तरता दिनु भनी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन।

२. **यस अदालतबाट जारी भएको कारण देखाउ आदेशः**

यसमा निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु। साथै अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्ष राखी छलफल गराई आदेश हुन उपयुक्त देखिएकोले छलफलको लागि विपक्षीहरूको नाममा सूचना दिई पेश गर्नु भन्ने यस अदालतबाट भएको आदेश।

३. **वन तथा भू संरक्षण मन्त्रालयको लिखित जवाफः**

यस मन्त्रालय तथा अन्तर्गतका निकायको कार्य क्षेत्र जैविक विविधताको संरक्षण, वातावरण तथा पर्यावरणीय सन्तुलन कायम गर्ने विषयसँग सम्बन्धित भएको र त्यसै अनुरूपका कार्य सम्पादन भैरहेको छ। कुनै पनि पूर्वाधार संरचनाको निर्माण तथा त्यससँग सम्बन्धित कुनै पनि काम कारवाहीलाई रोकावट गर्ने गरी यस मन्त्रालयबाट कुनै पनि निर्देशन नदिइएको हुँदा यस

मन्त्रालयको के कस्तो काम वा निर्णयबाट निवेदक समेतको सार्वजनिक हित सरोकार निहित विषयमा के कस्तो संवैधानिक र कानूनी हक अधिकार हनन् भएको हो? रिट निवेदनमा खुलाउन नसकेको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाऊँ।

४. **विज्ञान तथा प्रविधि वातावरण मन्त्रालयको लिखित जवाफः**

नेपाल सरकार मन्त्रीपरिषद्ले रानीवन क्षेत्रलाई मिति २०६८।४।११ मा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन एवं अनुसन्धान र पर्यटन प्रवर्द्धन समेत गर्ने उद्देश्यले विश्वशान्ति जैविक विविधता उद्यान घोषणा गरिसकेको र हाल उद्यान निर्माण र सञ्चालनको कार्य समेत भइरहेको अवस्थामा सो क्षेत्रलाई उद्यान प्रयोजनमा नै प्राथमिकताका साथ व्यवस्थापन गर्नुपर्ने देखिन्छ। उक्त क्षेत्रको भौगोलिक संवेदनशीलता, फेवातालको सौन्दर्य सुरक्षा र जैविक विविधताको संरक्षण र कमलो भू-भागलाई पहिरो जानबाट जोगाउन आवश्यक हुन्छ। सो क्षेत्रलाई यस पूर्व मन्त्रिपरिषद्ले निर्णय गरेबमोजिम उद्यान कै लागि मात्र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ। साथै यस मन्त्रालयको क्षेत्राधिकारसँग निवेदकले दावी लिएको विषय सम्बन्धित नभएकोले तथा यस मन्त्रालयले गरेको कुन काम वा निर्णयबाट निवेदकको हक हनन भयो भन्ने नखुलेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

५. **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफः**

पोखरा केबुलकार परियोजनाको निर्माण तथा संचालनमा अवरोध पुऱ्याउने उद्देश्यले यस मन्त्रालयबाट कुनै पनि काम कारवाई नभएको हुँदा रिट निवेदकले यस मन्त्रालयलाई विना कारण, प्रमाण र आधार विपक्षी बनाई रिट दायर गर्नु भएको छ। निवेदकलाई प्रचलित संविधान र कानूनले दिएको हक अधिकार हनन हुने गरी यस मन्त्रालयले कुनै काम नगरेको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाऊँ।

६. **अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको लिखित जवाफः**

निवेदनमा उल्लिखित निर्माण हुन लागेको केवुलकारको सम्बन्धमा पोखराको फेवाताल, रानीवनको सौन्दर्यता तथा सो वरपरको सीमसार क्षेत्रको अस्तित्व बचाउँन तथा फेवाताल वरपरको जग्गाको अतिक्रमण हुने काम रोक्न तथा सार्वजनिक जग्गाको संरक्षण गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने भनी सार्वजनिक लेखा समिति र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिबाट भएको निर्णय र सो निर्णय अनुसार गरेको काम कारवाही कानूनसम्मत भएको र त्यसले निवेदकको हकमा असर नपुरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

७. **सार्वजनिक लेखा समितिको लिखित जवाफः**

निवेदनमा उल्लिखित निर्माण हुन लागेको केवुलकारको सम्बन्धमा पोखराको फेवाताल, रानीवनको सौन्दर्यता तथा सो वरपरको सीमसार क्षेत्रको अस्तित्व बचाउँन तथा फेवाताल वरपरको जग्गाको अतिक्रमण हुने काम रोक्न तथा सार्वजनिक जग्गाको संरक्षण गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने भनी सार्वजनिक लेखा समिति र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिबाट भएको निर्णय र सो निर्णय अनुसार गरेको काम कारवाही कानूनसम्मत भएको र त्यसले निवेदकको हकमा असर नपरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

८. **संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालयको लिखित जवाफः**

यस मन्त्रालयको के कुन कामबाट निवेदकको हक हनन भयो भन्ने रिट निवेदनमा नखुलेको तथा यस मन्त्रालयले त्यस्तो कुनै काम समेत नगरेको हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

९. **मनकामना दर्शन प्रा.लि.को लिखित जवाफः**

रिट निवेदकले चासो व्यक्त गरेको कुराहरूलाई नेपाल सरकारले सम्बोधन गरी पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा १३ अनुसार सम्झौता गरी दफा १९ अनुसार अनुमतिपत्र प्रदान गरी आयोजना संचालन भएमा पोखराको प्रकृतिक सौन्दर्यतामा थप बृद्धि भई पर्यटक संख्या बढी पोखराको विकास, सम्वृद्धि र हितमा हुने र सो अनुसार काम गर्न कम्पनी सधै तत्पर रहेको तथा परियोजना संचालनको काममा ढिला सुस्ती तथा अवरोध यस कम्पनीको कारणले नभएको हुँदा यस कम्पनीको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

१०. **उद्योग मन्त्रालयको लिखित जवाफः**

निवेदकहरू पोखराको बसुन्धरा पार्कदेखि शान्ति स्तूपासम्म केबुलकार निर्माण आयोजनाको प्रवन्धक वा प्रस्तावक नभई सो क्षेत्रको सर्वसाधारण जनता मात्र भएकोले प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैया निजहरूलाई प्राप्त हुन सक्दैन। केवुलकार निर्माणको कामसँग यस मन्त्रालयले कुनै सरोकार नराख्ने तथा यस मन्त्रालयको कुनै कामबाट निवेदकहरूको हक हनन भएको भन्ने रिट निवेदनमा नदेखिंदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाऊँ।

११. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः

यस कार्यालयको के कुन कामबाट निवेदकको संविधान प्रदत्त हक हनन हुन गएको हो? सो सम्बन्धमा रिट निवेदनमा नखुलेको तथा यस कार्यालयले निवेदकको हक हनन हुने कुनै काम समेत नगरेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ।

## ठहर खण्ड

१२. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागज अध्ययन गरियो। निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री संतोषकुमार महतोले पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ अन्तर्गत पूर्वाधार संरचनाको कार्य सर्वसाधारणको निमित्त हुने भएकोले त्यस्तो निर्माण कार्यका सम्बन्धमा भए गरेको कार्य सार्वजनिक हक तथा सरोकारको विषय भित्र पर्ने हुन्छ। रिट निवेदक शुशीला भट्टराई समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको सम्बत् २०७० सालको रिट नं. ०८१ को निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७१।१०।११ मा रिट निवेदन खारेज हुने आदेश भएबाट पर्यावरण, सम्पदा, संस्कृति इत्यादिको नाउँमा काल्पनिक प्रश्नहरू सृजना गरी विकासको कार्य अर्थात् केवुलकार परियोजना रोक्न मिल्दैन। केवुलकारको निर्माणले फेवाताल तथा रानीवनको संरक्षण, सौन्दर्यता, पर्यावरण इत्यादि विषयमा के कस्तो असर पर्छ वा पर्दैन भन्ने विषयको निर्णय पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा ६(२)(ङ)(छ), दफा ७(१)(ग), दफा ११(१)(घ), दफा १२(१), दफा ४१ अनुसार मात्र हुन सक्ने हो। सार्वजनिक लेखा समिति र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले केवुलकार परियोजना नै बन्द गर्ने गरी गरेको निर्णय तथा दिएको निर्देशनलाई सरकारलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने उद्देश्यबाट गरिएको भन्न मिल्दैन। प्रत्यर्थीमध्येका सार्वजनिक लेखा समितिले मिति २०७२।४।१८ मा गरेको निर्णय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले मिति २०७२।४।२२ मा दिएको निर्देशन अधिकारक्षेत्र विहीन रहेकोले त्यसबाट पेशा तथा रोजगार गर्न पाउने संविधान प्रदत निवेदकहरूको हकमा असर परेकोले सो निर्णय तथा त्यस बमोजिम भएको निर्देशन लगायतका पत्राचार समेत उत्प्रेषणको आदेशले बदर गरी केबुलकार निर्माणको कार्य छिटो गर्नु गराउनु, निर्माण कार्यमा कुनै हस्तक्षेप नगर्नु नगराउनु भनी

विपक्षीहरूको नाममा परमादेश समेत जारी होस भनी बहस प्रस्तुत गरी सोही व्यहोराको बहस नोट पनि पेश गर्नुभयो।

१३. विपक्षी नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय समेतको सरकारी कार्यालयको तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री किरण पौडेलले एउटा कम्पनीले आफ्नो व्यापारिक उद्देश्य प्राप्तिको लागि कुनै आयोजना बनाउँदै छ भने सो आयोजना बनाउने वा नबनाउने विषय सार्वजनिक सरोकारको विषय हुन सक्दैन। निजी कम्पनीहरू स्थापना हुँदा सोबाट प्रत्यक्ष वा परोक्ष रूपमा केही मानिसहरूले फाइदा लिने अवस्था भएपनि सो कार्य जसरी पनि हुनै पर्ने भन्ने विषयलाई सार्वजनिक सरोकारको विवाद मान्न मिल्दैन। एउटा निजी कम्पनीको विषयवस्तु समेटिएको रिट निवेदनमा निवेदकहरूको सार्थक सम्बन्ध हुन सक्दैन। संसदीय समितिहरूको निर्णय बदर गर्न माग गर्ने हकदैया पनि निवेदकहरूलाई छैन भन्ने समेत वेहोराको बहस प्रस्तुत गर्नुभयो।

१४. विपक्षी मनकामना दर्शन प्रा.लि.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमले केवुलकार परियोजनाको कार्य अघि बढ्न सक्छ सक्दैन भन्ने कुरा DPR भएपछि मात्र निचोडमा पुग्न सक्ने र नेपाल सरकारले पनि DPR तयार भएपछि मात्र परियोजनाको निर्माण गर्न उपयुक्त हुन्छ हुँदैन भन्ने कुराको टुङ्गोमा पुग्नेमा अपरिपक्व अवस्थामै अनुमान गरी परियोजनाको DPR तयार गर्ने कार्यलाई नै अवरुद्ध गरिएको छ। परियोजनाको DPR तयार नहुँदै संसद अन्तर्गतका समितिहरूले परियोजनाको कार्य अघि बढाउन अबरोध हुने गरी नेपाल सरकार एवं मन्त्रालयको नाउँमा निर्देशन दिने कार्य आफैंमा गैरकानूनी र अधिकारक्षेत्र विहीन समेत रहेको छ। रिट निवेदकहरूले प्रवर्द्धक कम्पनी मनकामना दर्शन प्रा.लि.लाई प्रत्यर्थी बनाउनु पर्ने अवस्था नै नभएकोले पोखरा केवुलकार परियोजनाको DPR बनाउने कार्य अघि बढ्ने गरी उपयुक्त आदेश जारी होस् भनी बहस प्रस्तुत गरी सोही व्यहोराको बहसनोट पेश गर्नुभयो।

१५. उपर्युक्त बमोजिमको बहस सुनी मिसिलको समग्र तथ्य समेतलाई मध्यनजर गर्दा प्रस्तुत विवादमा मूलतः निम्नानुसारका प्रश्नहरूको निरूपण हुनुपर्ने देखियोः-

**(क) प्रस्तुत रिट निवेदनमा समावेश भएको विषयवस्तुको उठान गर्ने हकदैया यी निवेदकहरूलाई छ, छैन?**

(ख) निवेदकहरूले बदर गर्न माग गरेको व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिको मिति २०७२।०४।१८ को निर्णय र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको २०७२।०४।२२ को निर्णय कानून सम्मत छ, छैन?

(ग) निवेदकहरूको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन?

१६. यसमा रिट निवेदकले पोखराको बसुन्धरा पार्कदेखि शान्ति स्तूपासम्मका लागि निर्माण गरिने केबुलकार परियोजना निर्माण तथा आयोजना कार्यान्वयन गर्ने कार्यमा गैरकानूनी रूपमा हस्तक्षेप गर्ने गरी प्रत्यर्थी मध्येका सार्वजनिक लेखा समितिले मिति २०७२।०४।१८ मा निर्णय गरी मिति २०७२।०४।१९ को पत्रमार्फत दिएको निर्देश र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको मिति २०७२।४।२२ को निर्देशन लगायतको कार्यबाट अवरोध हुन गएकोले त्यसबाट हामी निवेदकहरू समेतको पेशा तथा रोजगारीको अधिकार हनन् भएको हुँदा समितिको निर्णय निर्देशन एवम् सोसँग सम्बन्धित पत्राचार समेत उत्प्रेषणको आदेशले बदर गरी आयोजनाको कार्यलाई सुचारु गर्ने वातावरण बनाउनु, बनाउन लगाउनु भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी होस् भनी निवेदन मागदावी लिएकोमा बसुन्धरा पर्कमा केबुलकार निर्माण गरी शान्ति स्तूपासम्म लैजाँदा फेवाताल नै कुरूप हुने, सो ठाँउको वातावरणमा गम्भिर नकरात्मक असर पर्ने र फेवाताल अतिक्रमण हुने हुँदा निवेदक माग बमोजिमको आदेश जारी हुनु हुँदैन भन्ने नै विपक्षीहरूको लिखित जवाफ रहेको देखियो।

१७. अब निरुपण हुनु पर्ने पहिलो प्रश्नको सन्दर्भमा हेर्दा, प्रस्तुत रिट निवेदनमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मनकामना दर्शन प्रा.लि.बीच भएको Memorandom Of Understanding बमोजिम पोखराको फेवाताल किनारमा रहेको बसुन्धरा पार्कदेखि शान्ति स्तूपासम्म केबुलकार निर्माणको सम्बन्धमा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समिति र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले दिएको निर्देशन बदर गरी सो ठाँउमा चाडैं केबुलकार निर्माण गर्न वातावरण बनाउन माग गर्दै सार्वजनिक सरोकारको विवादको रूपमा प्रस्तुत निवेदन दायर भएको देखिन्छ। व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको मिति २०७२।४।२२ को बैठक र सार्वजनिक लेखा समितिको मिति २०७२।४।१८ को बैठकको निर्णयले बसुन्धरा पार्कको जग्गा केबुलकार संचालन गर्न २० वर्षका लागि लिजमा दिने निर्णय वदर गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको भन्ने अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम

समिति र सार्वजनिक लेखा समितिको तर्फबाट यस अदालतमा परेको लिखित जवाफबाट देखिन्छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मनकामना दर्शन प्रा.लि.बीच भएको Memorandom of Understanding अनुसार बसुन्धरा पार्कदेखी शान्ति स्तूपासम्म मनकामना दर्शन प्रा.ली.ले बनाउने भनिएको केबुलकारको लागि बसुन्धरा पार्कको जग्गा उपलब्ध नगराउने निर्णयबाट निवेदकहरूको रोजगारीको हक र सम्पतिको हकमा आघात परेको भन्ने आधार देखाई निवेदन दिएको देखिन्छ।

१८. प्रस्तुत रिट निवेदन सार्वजनिक सरोकारको विवादको रूपमा तत्कालिन अवस्थामा विद्यमान रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ अन्तर्गत दायर भएको देखिन्छ। अन्तरिम संविधानको उक्त धाराहरूमा भएको व्यवस्था हाल नेपालको संविधानको धारा ४६ र १३३(२) मा निरन्तरता प्रदान गरिएको छ। उक्त संवैधानिक व्यवस्था अनुसार दायर हुने सार्वजनिक हक वा सरोकारको विषयमा कुनै निश्चित व्यक्ति वा समूह भन्दा धेरै व्यक्ति वा समूहको हक वा सरोकार समावेश रहेको देखिनु आवश्यक हुन्छ। यस्तो प्रकृतिको विवादमा यस अदालतले विवादसँग प्रत्यक्ष सरोकार रहेको व्यक्तिले मात्र अदालतमा प्रवेश गर्न पाउने भनी हकदैयाको परम्परागत अवधारणालाई फराकिलो बनाएको पनि छ। सार्वजनिक सरोकारको विवादमा हकदैयाको सम्बन्धमा अदालत उदार हुनुको मुख्य उद्देश्य समाजका असहाय, गरिब, असक्त वा चेतनाको कारणले आफ्नो अधिकारप्रति सचेत हुन नसकेका समुदायको न्यायमा पहुँच स्थापित होस भन्ने नै हो। यसको अर्थ जस्तोसुकै विवाद जुनसुकै व्यक्तिले अदालत समक्ष ल्याउने भन्ने होइन। यस अदालतबाट सार्वजनिक हक वा सरोकारको विवाद अदालत समक्ष ल्याउने व्यक्तिको सो विवादसँग सार्थक सम्बन्ध वा तात्विक सरोकार हुनुपर्ने भनी अधिवक्ता राधेश्याम अधिकारी विरुद्ध मन्त्री परिषद् सचिवालय समेत (ने.का.प. २०४८, चैत्र महिना नि.नं. ४४३०) भएको रिट निवेदनमा सिद्धान्त कायम भई "जुन विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद भनेर यस अदालतमा निवेदनपत्र दिएको छ त्यो विवादको विषयवस्तुसँग निजको सार्थक सम्बन्ध (Meaningful Relation) वा तात्विक सरोकार (Substantial Interest) हुनैपर्छ, साथै विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारसँग सम्बन्धित जनसाधारणको प्रतिनिधित्व निजले सहि रूपमा गर्न सक्दछ भन्ने कुराको पनि निजले अदालतलाई विश्वास गराउन सक्नुपर्छ" भनी व्याख्या भएको देखिन्छ। सार्वजनिक हक वा सरोकारको विवादलाई केही व्यक्तिहरूले दुरूपयोग गरी कुनै खास व्यक्ति वा संस्थाको स्वार्थ सिद्धी गर्ने माध्यमको रूपमा

प्रयोग गर्न नपाउन र अदालतको समय निरुद्देश्य रूपमा खेर नजाओसे भनी यस्ता विवादमा उपरोक्त सिमा लगाइएको हो।

१९. निवेदकहरू मनकामना दर्शन प्रा.लि.को संचालक, शेयरहोल्डर वा निर्माण हुने केबुलकारमा लगानीकर्ता रहेको भनी रिट निवेदनबाट खुलेको छैन। केबुलकार संचालन नै नभएको साथै सोको निर्माण सम्बन्धी कार्य नै प्रारम्भ नभएको अवस्थामा निजहरूलाई त्यहाँ कार्यरत कर्मचारी पनि मान्न मिलेन। Environmental Impact Assement(EIA) समेत नभएको, ऐक्षआ पछि मात्र संचालनमा आउने सम्भावना बोकेको केबुलकार निर्माण भएर संचालनमा आएपश्चात निजहरूले रोजगारी प्राप्त गर्ने कुरा उल्लेख गरेपनि त्यसको निश्चितता कहिँबाट नदेखिएको अवस्थामा प्रस्तुत रिट निवेदनको विषयवस्तुसँग निवेदकहरूको सार्थक सम्बन्ध वा तात्विक सरोकार रहेको देखिन आएन।

२०. दोश्रो प्रश्नको सन्दर्भमा हेर्दा, फेवातालको संरक्षण गर्न अधिग्रहण भएको जग्गा केबुलकार संचालन गर्न दिनु उद्देश्य विपरित हुने, फेवाताल तथा रानीवनको सौन्दर्यता र उक्त क्षेत्रमा तथा तालको अस्तित्वमा नै असर पर्ने, सिमसार क्षेत्र वरपरको निश्चित दुरीसम्म कुनै संरचना निर्माण गर्न नहुने गरी तोकिएको मापदण्ड विपरित हुने तथा बसुन्धरा पार्कको जग्गा लिजमा दिने सम्झौता हुँदा सम्बन्धित मन्त्रालय र निकायहरूसँग पर्याप्त सम्बन्ध र सहकार्य नभएकोले उपरोक्त कुरालाई दृष्टिगत गरी बसुन्धरा पार्कको जग्गा केबुलकार संचालन गर्न २० वर्षका लागि लिजमा दिने निर्णय बदर गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने भनी निर्णय भएको सार्वजनिक लेखा समिति र अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफबाट देखिन्छ। यसका साथै फेवाताल लगायत पोखरास्थित सरकारी जग्गाको अतिक्रमणलाई रोकी सरकारी जग्गाको संरक्षणका लागि ठोस कदम चाल्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको उक्त समितिहरूको लिखित जवाफमा उल्लेख भएको रहेछ। विधायिका संसदभित्र रहेका समितिहरूलाई Mini Parliament (संसदको सानो रूप) भनिन्छ। यसको खास उद्देश्य सरकारलाई संसदप्रति उत्तरदायी गराउने हो र यसको लागि संसदले आफ्नो विभिन्न विषयगत समितिबाट सरकारको काम कारवाहीलाई निगरानी (Public Audit) गरी आवश्यक परेमा निर्देशन समेत दिने गर्दछ। हाम्रो सन्दर्भमा पनि सरकारलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारका तर्फबाट भए गरेका विकास निर्माण लगायत जुनसुकै कार्यको लागि व्यवस्थापकीय अनुगमन, निरीक्षण गरी वा त्यस्ता काम

कारवाही बारेमा सत्य तथ्य वुझी सार्वजनिक हित वा राष्ट्रिय हितमा त्यस्ता कार्यहरुबाट प्रतिकूल असर पुग्ने अवस्था भए नभएको कुराको मनन् गरी सो विषयमा राय दिने, निर्देशन दिने लगायतका काम व्यवस्थापिका संसदको सम्बन्धित समितबाट गरिने प्रावधान तत्कालिन अवस्थामा विद्यमान रहेको संविधानसभा (व्यवस्थापिका संसद कार्य संचालन) नियमावली, २०७० को नियम ११० मा रहेको देखिन्छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको क्षेत्राधिकार भित्र परेको देखिएकोले सो मन्त्रालयले मनकामना दर्शन प्रा.लि.सँग गरेको Memorandom of Understanding को सम्बन्धमा निर्देशन दिने क्षेत्राधिकार नियमावलीको नियम १० अनुसार रहेको देखिन आएकोले समितिको सो निर्देशनलाई अन्यथा भन्न सक्ने अवस्था देखिएन।

२१. प्रस्तुत निवेदनसँगै पेश भएको ०७१-WO-१०३४ को रिट निवेदनमा बसुन्धरा पार्कदेखि शान्तिस्तूपासम्म केबुलकार संचालन गर्न भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मनकामना दर्शन प्रा.ली.बीच भएको Memorandom of Understanding बाट त्यसक्षेत्रको पर्यावरणमा नकरात्मक असर पर्ने भनी नेपालको अन्तरिम संविधानको धारा १६ समेतले प्रत्याभूत गरेको वातावरण सम्बन्धी हकको प्रचलन गराउन माग गरिएको छ। यसरी हेर्दा मिति २०७१।१२।१७ मा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मनकामना दर्शन प्रा.लि.बीच भएको Memorandom of Understanding अनुसारको काम गर्न गराउनको लागि आफ्नो पेशा तथा रोजगारको हक वा सरोकार प्रस्तुत रिटमा देखाइएको छ भने अर्को ०७१-WO-१०३४ को रिटमा निवेदकहरूले वातावरणिय हक वा सरोकार समेतको विषयवस्तु उठाएको देखिन्छ।

२२. **मानिसले आफ्नो क्षमता, दक्षता, ज्ञान, सिप र रुची अनुसार कुनै पेशा, व्यवसाय, रोजगार गरी आफ्नो र आफूमाथि आश्रित व्यक्तिको जीविकोपार्जन गर्नको लागि चाहिने अर्थोपार्जन गर्न पाउने कुरा पेशा वा रोजगारको हक वा सरोकारसँग सम्बन्धित रहन्छ। यसले मानिसको गुणस्तरीय जीवनयापन गर्ने चाहनालाई प्रत्यक्ष रूपमा बल पुर्‍याउँछ। विकासको क्रमसँगै परिवर्तन हुँदै गएको मानिसको आवश्यकता परिपूर्ति गर्न अतिआवश्यक रहेको सम्पति आर्जन यही अधिकारको प्रयोग गरेर सम्भव हुन्छ। वस्तुतः यसलाई सम्मानपूर्वक बाच्न पाउने अधिकारको एउटा पक्षको रूपमा लिन सकिन्छ।** त्यस्तै अन्तरनिर्भरताको सिद्धान्त अनुसार पृथ्वीमा रहेका जीवजन्तु र वनस्पति एकअर्का माथि निर्भर रहेको र कुनै एउटाको अस्तित्व संकटमा पर्ने वित्तिकै त्यो अर्काको

अस्तित्वको लागि चुनौती बन्ने गर्दछ। प्रकृतिले दिएको जल, माटो, पानी, हावा, घाम जस्ता तत्वहरूको विद्यमानता र यिनीहरूको शुद्धताको स्तर पनि जीवजन्तु र वनस्पतिको अस्तित्वको लागि उतिकै महत्वपूर्ण हुन्छ। प्राकृतिक रूपमा नै हाम्रा वरिपरि हुने यी जीवजन्तु र वनस्पति तथा माटो, हावा, पानी, घाम जस्ता तत्वहरूको समष्टिगत रूप नै वातावरण हो। यसमा परेको नकरात्मक असरले हाम्रो जीवन पनि संकटमा पर्ने भएकोले वातावरणीय अधिकारलाई सम्मानपूर्वक बाच्न पाँउने अधिकारको अभिन्न अङ्गको रूपमा लिइन्छ। यसरी सम्मानपूर्वक गुणस्तरीय जीवनयापन गरी बाँच्नको लागि अर्थोपार्जन गर्ने माध्यम र स्तरीय वातावरण दुवैको उतिकै महत्वपूर्ण स्थान छ।

२३. विभिन्न कलकारखाना, उद्योगको स्थापना, भौतिक पूर्वाधारको निर्माण, यातायातको साधनमा बढोत्तरी लगायत विकास निर्माणका कार्यहरूले प्रत्यक्ष रूपमा मानिसलाई आफ्नो क्षमता, ज्ञान, सिप र दक्षता अनुसार पेशा वा रोजगार गरी जीवन निर्वाह गर्न अवसर उपलब्ध गराउने कुरामा दुईमत हुन सक्दैन। तर यो गुणस्तरीय जीवनयापन गर्न चाहिने एउटा पक्ष मात्र हो। स्तरीय वातावरण अर्को पक्ष हो। वातावरणीय सरोकार र पेशा तथा रोजगारको सरोकारको केन्द्र विन्दु मानिसको हित नै भए पनि कहिले काही यिनिहरू बीच द्वन्दको अवस्था आउन सक्छ। यसरी विकास र वातावरण बिचको द्वन्द देखिएको अवस्थामा कुन सरोकार वा हितलाई प्राथमिकता दिने भन्ने कुरा विषेश रूपमा विचारणीय बन्न पुग्दछ। यथार्थमा स्वच्छ वातावरणमा बाच्न पाउने व्यक्तिको अधिकार र पेश तथा रोजगारीको अधिकार सम्मानपूर्वक बाँच्न पाउनुपर्ने अधिकार कै दुईटा महत्वपूर्ण पाटा हुन्। पेशा तथा रोजगारीको हक उपभोग गरी हुने अर्थोपार्जनले मानिसलाई विभिन्न विषयवस्तुको ज्ञान तथा काम गर्ने अवसरहरू प्रदान गर्दछ। सोही क्रममा मानिसले आफ्नो वरिपरि रहेका चिजहरूको महत्व थाहा पाउँदछ। जसले गर्दा मानिस वातावरण प्रति पनि सचेत बन्दै जान्छ। यसैगरी प्राकृतिक सौन्दर्यता र स्वच्छ वातावरण भएको ठाँउ पर्यटकहरूको गन्तव्य स्थलगत हुने र यसबाट पर्यटनमा आधारित पेश तथा रोजगारीको क्षेत्रमा वृद्धि हुने देखिन्छ। यसका अतिरिक्त स्वच्छ वातावरण पर्यटन व्यवसाय बाहेकका अन्य पेशा तथा व्यवसायको लागि पनि उतिकै महत्वपूर्ण मानिन्छ। यसरी हेर्दा स्वच्छ वातावरण पेशा तथा रोजगारको हकको निर्वाध रूपमा उपयोग गर्नको लागि पनि अपरिहार्य रहेको देखिन आउँछ।

२४. **स्वच्छ र स्तरीय वातावरण जिवजन्तु र वनस्पतिलाई नभई नहुने तत्व हो र यसको अर्को कुनै विकल्प छैन। स्तरीय वातावरणको उपलब्धता नभएको अवस्थामा सो क्षेत्र बसोबास योग्य हुन**

सक्दैन र त्यहाँ बसेर निवेदकले प्रचलन गराउन माग गरेको पेशा तथा रोजगारीको हक उपभोग गर्ने अवस्था समेत हुँदैन। निवेदकहरूले माग गरे बमोजिम बसुन्धरा पार्कमा केबुलकार निर्माण हुँदा त्यहाँ भएको फेवातालको अस्तित्व, ताललाई बासस्थान बनाई बसेका चरा, माछा, किरा, फटयाङ्ग्रा आदिको जीवन नै संकटमा पर्ने देखिन्छ। फेवाताललाई नै लक्षित गरी बनाउन लागेको केबुलकार फेवाताल नै नरहेपछि यसको उपादेयता नै समाप्त हुन जान्छ। यसको नकरात्मक असर त्यहाँको वातावरणमा देखिनुका साथै पर्यटनमा आधारित पोखरा लगायतका क्षेत्रका व्यक्तिहरूको पेश तथा रोजगारीको हक समेत कुण्ठित हुने देखिन्छ।

२५. संविधानले उचित श्रमको हकको र संघीय कानून बमोजिम रोजगारीको हकको सुनिश्चितता गरेको छ। संविधान प्रदत यी अधिकारहरुको प्रचलनार्थ निजी क्षेत्रको भूमिकालाई इन्कार गर्न सकिदैन। यद्धपी निजी क्षेत्रले के कति रोजगारी दिएको वा उपलव्ध गराउनु पर्ने कानूनी दायित्व हो वा होइन छुट्टै प्रश्न रहेको छ। तर संचालन नै नभएको आयोजनाको सम्बन्धमा भएको निर्णयबाट रोजगारीमा असर परेको र रोजगारीको हक उलङ्घन भएको मान्न सकिदैन। विकास निर्माणको कार्यबाट रोजगारी प्राप्त हुनेको कुरामा दुईमत हुन सकिदैन। त्यो विकासबाट दीर्घकालिन नभएको अवस्थामा त्यसबाट वातावरणीय सन्तुलन बिग्रिने हुँदा विकासको नाममा वातावरणमा नकारात्मक असर पर्ने गरी दीर्घकालिन विकास(Sustainable Development)सँग सम्झौता गर्न सकिदैन।

२६. वातावरण मानवले बनाएको होइन, तर मानवीय जीवनको लागि स्वच्छ र सन्तुलित वातावरण अति आवश्यक हुन्छ। यसले मानव समेतको जीवनको अवधि कति लामो वा छोटो हुने भने कुरा निर्धारण गर्दछ। यसर्थ लामो, स्वस्थ्य र स्तरीय जीवन यापन गर्नु छ भने वातावरणीय स्तर बनाई राख्ने जिम्मेवारी पृथ्वीमा रहेको चेतनशील प्राणीको हैसियतले मानवको हुन्छ। संविधान अथवा कानूनले प्रत्याभूत गरेका हरेक हक अधिकारको आ-आफ्नै विशिष्ठ महत्व र उद्देश्य हुन्छन्। कुनै एउटा अधिकारले अर्कोलाई निश्प्रयोजित वा निष्क्रिय बनाउन सक्दैन। निवेदकहरूले उठाएको पेशा तथा रोजगारीको हक बसुन्धरा पार्कमा केबुलकार निर्माण भई संचालन हुँदा मात्र प्रचलन हुने अन्य अवस्थामा निजहरू आफ्नो सो अधिकारको उपभोग गर्नै नपाउने अवस्थाको विद्यमानता देखिँदैन। निजहरूले देशभित्रै अन्य पेशा, रोजगार वा व्यवसाय गर्न पाउने पर्याप्त विकल्प हुन सक्तछन। तर वातावरण ह्रास भएको र त्यहाँको जैविक विविधता नास भएको अवस्थामा त्यसको अर्को विकल्प देखिएको छैन। यी निवेदकहरू पर्यटनमा

आधारित व्यवसाय वा सो क्षेत्रमा रोजगार गर्ने हो भने त्यो पोखरामा रहेको फेवातालला‌ई र यस वरिपरि रहेका प्राकृतिक श्रोत साधन, वनजंगल र ताल संरक्षण गर्ने क्रियाकलापमा आधारित रोजगारी वा व्यवसायको संचालन हुन सक्ने सम्भावना अझै प्रबल हुन्छ। तर ताल नै नरहेको अवस्थामा वा सो क्षेत्रको वातावरणमा नकरात्मक प्रभाव पर्न गई त्यहाँ बस्न नसकिने अवस्था आउँछ। यसरी मानव जीवनलाई प्रतिकूल प्रभाव पार्ने भौतिक विकास लगायतका क्रियाकलापहरुको सुनिश्चितताको अपेक्षा गरी निवेदकहरुले दिएको प्रस्तुत रिट निवेदन कुनै पनि दृष्टिकोणबाट जायज र औचित्यपूर्ण देखिएन।

२७. माथि विवेचना भए अनुसार प्रस्तुत रिट निवेदनमा उठाईएको विषयवस्तुसँग निवेदकहरूको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको नदेखिएको, व्यवस्थापिक संसदको सार्वजनिक लेखा समितिको मिति २०७२।४।२२ को निर्णय कानूनले प्रदान गरेको अख्तियारी भित्र नै रहेको, बसुन्धरा पार्कमा केबुलकार स्थापना हुँदा सो क्षेत्रको वातावरणमा गम्भिर नकरात्मक असर पर्ने, जैविक विविधता नास हुनुका साथै फेवातालको संरक्षण समेत हुन नसक्ने देखिँदा त्यसबाट निवेदक लगायत अन्य व्यक्तिहरूको संविधान प्रदत्त हक हनन भएको मान्न मिलेन। बसुन्धरा पार्कमा केबुलकार स्थापना हुनुपर्दछ भने निवेदकहरुको निवेदन मागदावी र निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन।

२८. तसर्थ, निवेदन माग बमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाईदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत: रामु शर्मा
कम्प्युटर टाईप गर्ने: रमला पराजुली
इति सम्वत् २०७५ साल वैशाख महिना १६ गते रोज १ शुभम् ............................।